धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६१/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा पत्रिका नियमित नआएमा ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ७ ◆ २०८३ साउन ७ गते बिहीबार, Thursday, July 23, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

## धादिङमा बढ्दै साइबर अपराध

❑ *प्रत्यूष समाचारदाता*

धादिङबेशी । धादिङ जिल्लामा साइबर अपराधका घटना तीव्र रूपमा बढेको छन्। आर्थिक वर्ष २०८०/८१ मा २० जनाले अनलाइन ठगीको उजुरी दिएकोमा आर्थिक वर्ष २०८२/८३ मा यो संख्या बढेर ११४ पुगेको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ। पछिल्लो वर्ष ह्वाट्सएप तथा इसेवा/खल्तीजस्ता डिजिटल वालेटमार्फत सबैभन्दा धेरै ठगी भएको पाइएको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी प्रकाश दाहालका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १० महिला र १० पुरुष गरी २० जनाले उजुरी दिएका थिए। आर्थिक वर्ष २०८१/८२ मा १८ महिला र १९ पुरुष गरी ३७ जनाले उजुरी दिएका थिए। आर्थिक वर्ष २०८२/८३ मा भने २७ महिला, ८६ पुरुष र दुई बालक गरी कुल ११४ जना पीडित भएका छन्।

प्रहरी निरीक्षक श्यामकुमार बस्नेतका अनुसार आर्थिक वर्ष २०८२/८३ मा ह्वाट्सएपबाट ४५, इसेवा/खल्तीबाट ४४, टिकटकबाट १५ र फेसबुकबाट १० जनाले ठगिएको उजुरी दिएका छन्।

उजुरी प्राप्त भएपछि धादिङ प्रहरीले नेपाल प्रहरी साइबर ब्यूरोसँग समन्वय गरी अनुसन्धान गर्दै आएको छ। यद्यपि दक्ष जनशक्तिको अभाव, भीपीएन तथा प्रोक्सीको प्रयोग, डिजिटल प्रमाण मेटिने जोखिम, सीमापार अपराध र विदेशी डिजिटल प्लेटफर्मसँग समन्वय गर्नुपर्ने अवस्थाले अनुसन्धान जटिल बनेको प्रहरीले जनाएको छ।

साइबर अपराध प्रमाणित भएमा विद्युतीय कारोबार ऐन, २०६३ अनुसार पाँच वर्षसम्म कैद, एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्छ।

प्रहरीले बलियो पासवर्ड र दुई-चरण प्रमाणीकरण प्रयोग गर्न, शंकास्पद लिङ्क नखोल्न, व्यक्तिगत विवरण साझा नगर्न तथा ठगी भएको अवस्थामा तत्काल उजुरी दिन आग्रह गरेको छ।

## हस्तकलामार्फत रोजगारी सिर्जना गर्न सरकार प्रतिबद्ध छ : प्रधानमन्त्री शाह

❑ *प्रत्यूष समाचारदाता*

काठमाडौं । प्रधानमन्त्री बालेन्द्र शाहले हस्तकला व्यवसायसम्बन्धी नीति निर्माण, हस्तकला व्यवसायको संरक्षण, रोजगारी सिर्जना र हस्तकलाको पुस्तान्तरण गर्ने विषयमा सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुधबार आयोजित छलफलमा उहाँले सार्वजनिक निजी साझेदारी (पिपिपी) मोडलमा हस्तकला विकास बोर्ड गठन गर्नुपर्ने मागप्रति सरकार सकारात्मक रहेको बताउनुभयो।

छलफलका क्रममा नेपाल हस्तकला व्यवसायी महासङ्घका प्रतिनिधिहरूले हस्तकला व्यवसायको विकास, विस्तार र संरक्षणका लागि सरकारसँग सहकार्य गर्न आफूहरू तयार रहेको स्पष्ट पार्नुभएको थियो। प्रधानमन्त्री शाहले आज उहाँहरूलाई छलफलका लागि बोलाउनुभएको हो। वर्तमान सरकारले हस्तकला व्यवसायलाई प्राथमिकता दिएको आफूहरू लाई महसुस भएको भन्दै सरकारसँग कुनै पनि किसिमको सहकार्य गर्न तयार रहेको महासङ्घका प्रतिनिधिहरूले बताउनुभएको थियो।

अहिलेसम्म महासङ्घले मङ्सिर २८ मा आफ्नै ढङ्गले हस्तकला दिवस मनाइरहेका अवस्थामा अब राष्ट्रिय स्तरमा मनाउनुपर्ने महासङ्घका पदाधिकारीले माग गर्नुभएको थियो। दिवस मनाउने विषयमा तत्कालै गृह मन्त्रालयसँग समन्वय गर्न आफ्नो टिमलाई निर्देशन प्रधानमन्त्रीले निर्देशन दिनुभएको थियो। यस्तै, हस्तकला सामग्री निर्यात अहिलेसम्म स्वघोषणामा भइरहेकामा त्यसको साटो बिजक मूल्याङ्कन अनिवार्य गर्दा राजस्व वृद्धिमा सहयोग पुग्ने पदाधिकारीको सुझावअनुसार काम गरिने पनि प्रधानमन्त्री शाहले आश्वस्त पार्नुभयो।

हस्तकला सामग्री निर्यात गर्दा पाउनुपर्ने सोको पाँच प्रतिशत रकम तीन वर्षयता रोकिएकामा प्रधानमन्त्री शाहले त्यसलाई पुनः निरन्तरता दिने विषयमा पनि आश्वस्त हुन व्यवसायीलाई आग्रह गर्नुभएको थियो। हस्तकलाको वस्तु उत्पादन र विकासका लागि उद्योग विभागमा सार्क हस्तकला विकास केन्द्रको भवन निर्माण



भइसके पनि त्यहाँ अरु नै कार्यालय रहेकामा त्यो कार्यालय आफूहरूलाई फिर्ता हुनुपर्ने माग पदाधिकारीले राख्नुभएको थियो। यस्तै, उपत्यकामा हस्तकला ग्राम खडा गर्ने र सातै प्रदेशमा हस्तकलासम्बन्धी सीप प्रशिक्षण केन्द्र खोल्ने विषयमा प्रधानमन्त्री शाहले विशेष चासो देखाउनुभएको छ।

परम्परागत सीप कलालाई जगेर्ना गर्ने र हस्तकलाकर्मीलाई परिचयपत्र दिनुपर्नेलगायत पदाधिकारीले विभिन्न माग राख्नुभएको थियो। छलफलमा महासङ्घका अध्यक्ष रविन्द्र शाक्य, वरिष्ठ उपाध्यक्ष राजमान बज्राचार्य, उपाध्यक्ष किरण कुमार स्थापित, सल्लाहकार विकास रत्न ढाक्वा र शीर्ष निर्यातकर्ता महेश्वर श्रेष्ठ सहभागी हुनुहुन्थ्यो।

## पानीट्याङ्कीका मृतक दुवैको पहिचान खुल्यो

दाङ । तुलसीपुर उपमहानगरपालिका-६ रजौरास्थित निर्माणाधीन घरकोल पानी ट्याङ्कीमा मृत्यु भएका दुवै जनाको पहिचान खुलेको छ।

मृत्यु हुनेमा सल्यान माल्टा घर भई हाल तुलसीपुर उपमहानगरपालिका-९ दोघरका कमल गिरी र घनश्याम गिरी भएको इलाका प्रहरी कार्यालय तुलसीपुरका प्रमुख प्रहरी नायब उपरीक्षक होमबहादुर पराजुलीले जानकारी दिनुभयो। उहाँका अनुसार कमल पूर्वाधार निर्माणका ठेकेदार र घनश्याम मिस्त्री हुन्। दुवै जनाले ठेक्कामा काम गर्ने हुँदा पानीट्याङ्की सफा गर्ने क्रममा निसास्सिएर मृत्यु भएको हुनसक्ने अनुमान गरिएको छ।

स्थानीयले उनीहरुलाई पानी-ट्याङ्कीमा मृतक अवस्थामा देखेपछि बुधबार बिहान प्रहरीलाई खबर गरेका थिए। उनीहरुले गए राति प्रयोग गरेको मोटरसाइकल पनि घटनास्थल नजिक फेला परेको थियो। उक्त घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## मन्त्रिपरिषद्द्वारा मिटरब्याज पीडितसँग भएको सहमति अनुमोदन

काठमाडौं । यही साउन १ गते मिटरब्याज (अनुचित लेनदेन) पीडितसँग सरकारले गरेको सहमति अनुमोदन गर्दै उनीहरूसँग सम्बन्धित फर्जी लिखतहरू तत्काल लागू हुनेगरी अवैध घोषणा गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको मन्त्रिपरिषद्को बैठकले त्यस्तो निर्णय गरेको हो। त्यसैगरी बैठकले गणेश नेपालीको आत्मदाह घटनाको सत्यतथ्य छानबिन गर्न न्यायिक छानबिन समिति गठन गर्ने निर्णय गरेको छ। उच्च अदालतका पूर्व न्यायाधीश केशवप्रसाद बास्तोलाको संयोजकत्वमा न्यायिक छानबिन समिति गठन गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले सञ्चार-कर्मीलाई जानकारी दिनुभयो।

बैठकले विशेष अदालतको अध्यक्ष पदमा उच्च अदालत तुलसीपुरका न्यायाधीश वासुदेव आचार्यलाई तोक्ने निर्णय गरेको छ। यस्तै, श्रम अदालतको अध्यक्ष पदमा उच्च अदालत सुर्खेतका न्यायाधीश दीपेन्द्र अधिकारीलाई तोक्ने निर्णय गरिएको छ। मन्त्रिपरिषद्ले गुठी संस्थानको प्रशासक पदमा शैलेशराज कुँवरलाई नियुक्त गर्ने निर्णय पनि गरेको छ। बैठकले हवाई उड्डयन क्षेत्रलाई प्रोत्साहन गर्ने उद्देश्यले २०८५ साल भदौ मसान्तसम्म पोखरा र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हुने नियमित अन्तर्राष्ट्रिय उडानका लागि पार्किङ, ल्याण्डिङ र नेभिगेसन शुल्कमा शतप्रतिशत छुट तथा ग्राउण्ड ह्याण्डलिङ शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय गरेको मन्त्री पोखरेलले बताउनुभयो।

## रामादा बाई विन्धामले बोलबम यात्रीलाई सहयोग गर्ने

काठमाडौं। रामादा बाई विन्धाम इटहरीले यस वर्षको साउन महिनामा बोलबम यात्रामा सहभागी हुने भक्तजनलाई सहयोग गर्ने भएको छ।

प्रत्येक वर्ष हजारौं श्रद्धालु सहभागी हुने उक्त धार्मिक यात्रा बराहक्षेत्र, चतराबाट सुरु हुन्छ, जहाँ भक्तजनले सप्तकोशी नदीबाट पवित्र जल सङ्कलन गर्ने गर्छन्। त्यसपछि उहाँहरूले पैदलयात्रा गर्दै धरानस्थित पिण्डेश्वर महादेव मन्दिर पुगेर भगवान् शिवलाई जलाभिषेक अर्पण गर्ने गरेका छन्। धार्मिक मान्यताअनुसार देवता र असुरबीच भएको समुद्र मन्थनपछिको सङग्रामका क्रममा प्राप्त अमृतको दिव्य अंशबाट पिण्डेश्वरको शिवलिङ्ग प्रकट भएको विश्वास गरिन्छ। पिण्डेश्वर महादेव मन्दिर पूर्वी नेपालको प्रसिद्ध शिवालयमध्येको एक हो।

रामादा बाई विन्धाम इटहरीले खाना र बस्न विशेष छुटको घोषणा गरेको छ। सो होटलका महाप्रबन्धक अभिमन्यु कायस्थले यस सहयोगले भक्तजनलाई मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

रामादा बाई विन्धाम इटहरीले पूर्वी नेपाललाई संस्कृति, अध्यात्म र धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्यका रूपमा प्रवर्द्धन गर्दै आएको उहाँको भनाइ छ।

## स्पोर्टस् अवार्ड भदौ तेस्रो साता

काठमाडौं । नेपाल खेलकुद पत्रकार मञ्च (एनएसजेएफ) को आयोजनामा हुने 'एनएसजेएफ पल्सर स्पोर्ट्स अवार्ड २०८२' आगामी भदौमा हुने भएको छ।

तेइसौं संस्करणको सो अवार्ड भदौ १८ गते हुने मञ्चद्वारा बुधबार आयोजित कार्यक्रममा अध्यक्ष निरञ्जन अधिकारीले जानकारी दिए। अवार्डका लागि मञ्चले मुख्य प्रायोजक गोल्छा ग्रुपसँग आजै सम्झौता नवीकरण गरेको छ। गोल्छा ग्रुप लगातार १९औं पटक अवार्डसँग जोडिएको हो। दुवैबीच गत वर्ष पाँच वर्षका लागि सम्झौता भएको थियो।

सम्झौतापत्रमा मञ्चका अध्यक्ष अधिकारी र गोल्छा ग्रुपका निर्देशक अभिमन्यु गोल्छाले हस्ताक्षर गरे। हस्ताक्षरपछि निर्देशक गोल्छाले नेपाली खेलकुदको स्तरवृद्धि गर्न आफूहरु निरन्तर लागिपरेको बताए। मञ्चका अध्यक्ष अधिकारीका अनुसार 'पल्सर स्पोर्ट्स अवार्ड २०८२' मा विभिन्न नौ विधामा अवार्ड प्रदान गरिने छ।

वर्षका उत्कृष्ट खेलाडी (पुरुष), वर्षका उत्कृष्ट खेलाडी (महिला), युवा वर्ष खेलाडी, वर्ष प्रशिक्षक, पिपल्स च्वाइस अवार्ड, पारा एथलिट सम्मान, स्पेसल अवार्ड, लाइफटाइम एचिभमेन्ट अवार्ड र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड प्रदान गरिने छ।

यस्तै वर्ष खेलाडी (पुरुष), महिला, युवा, प्रशिक्षक र पिपल्स च्वाइस विधाको मनोनयन केही दिनमै सार्वजनिक गरिने मञ्चका महासचिव अञ्जन खड्काले जानकारी दिए। त्यस्तै लाइफटाइम, स्पेसल, पारा एथलिट र एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्ड विधाको विजेताको घोषणा अवार्डकै दिन गरिनेछ। भोटिङमार्फत हुने भएकाले पिपल्स च्वाइस विधाको मनोनयन छिट्टै सार्वजनिक गरिने उनले बताए। वर्ष खेलाडी पुरुष, महिला, पिपल्स च्वाइस, प्रशिक्षक र युवा विधाका विजेतालाई पल्सर मोटरसाइकल प्राप्त गर्नेछन्। अन्य विधाका विजेता तथा सम्मानितलाई जनही रु एक लाख प्रदान गरिनेछ। गत वर्ष पुरुषतर्फ क्रिकेटका दीपेन्द्रसिंह ऐरी, महिलातर्फ करातेकी एरिका गुरुङ, युवातर्फ क्रिकेटकी पुजा महतो र प्रशिक्षकतर्फ पारा तेक्वान्दोका कविराज नेगी लामाले अवार्ड जितेका थिए। सर्वाधिक मत ल्याएर पिपल्स च्वाइसको अवार्ड भलिबलका हिमाल सुनारीले जितेका थिए।

स्पेसल अवार्डबाट तेक्वान्दोका तुलसीकुमार गुरुङ, पारा एथलिट सम्मानबाट प्रभा आङदेम्बे, एसियन स्पोर्ट्स जर्नालिस्ट अवार्डबाट बंगलादेशका पत्रकार राना हसन र लाइफटाइम एचिभमेन्ट अवार्डबाट खड्ग रानाभाट सम्मानित भएका थिए।

*सम्पादकीय ....*

## शिक्षालाई प्रतिस्पर्धी बनाऔं

कुनै पनि मुलुकको समृद्धि त्यहाँको शिक्षाले नागरिकलाई कति सक्षम, सिर्जनशील, जिम्मेवार र आत्मनिर्भर बनाउँछ भन्ने कुराले निर्धारण गर्छ। नेपालमा विद्यालय तहदेखि उच्च शिक्षासम्म पहुँच विस्तार भए पनि सिकाइको गुणस्तर, तहगत क्षमता, व्यावहारिक सीप र अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मकताबारे गम्भीर समीक्षा आवश्यक छ। एउटै कक्षा वा तह उत्तीर्ण गरेका नेपाली विद्यार्थी र अन्य मुलुकका विद्यार्थीबीच ज्ञान, सीप, समस्या समाधान क्षमता र व्यावहारिक दक्षतामा ठूलो अन्तर देखिनु चिन्ताको विषय हो।

पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि र मूल्याङ्कन प्रणालीमा विगतको तुलनामा व्यापक परिवर्तन भएको छ। तर परिवर्तनको आकार मात्र पर्याप्त हुँदैन, त्यसले कक्षाकोठामा के परिणाम दियो भन्ने मूल प्रश्न हो। तहगत उद्देश्यले तोकेको सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरे कि गरेनन्, यसको निष्पक्ष मापन हुन सकेको छैन। परीक्षा उत्तीर्ण हुनु नै गुणस्तरीय शिक्षा प्राप्त गर्नु होइन। विद्यार्थीले सिकेको ज्ञान जीवन, रोजगारी, उद्यम, प्रविधि र सामाजिक जिम्मेवारीमा प्रयोग गर्न नसकेसम्म प्रमाणपत्रको अर्थ सीमित रहन्छ। त्यसैले विद्यालयको सफलता उत्तीर्ण प्रतिशतले मात्र होइन, विद्यार्थीको व्यवहा, सिर्जनशीलता, संवाद क्षमता, नैतिकता र आत्मविश्वासबाट पनि मापन गरिनुपर्छ।

हाम्रो शिक्षाले ठूलो सङ्ख्यामा प्रमाणपत्रधारी युवा उत्पादन गरेको छ, तर तिनलाई स्वरोजगार, उत्पादन र नवप्रवर्तनतर्फ पर्याप्त रूपमा प्रेरित गर्न सकेको छैन। श्रमप्रति सम्मान घट्नु, कामलाई सानो-ठूलो भनेर हेर्नु र सरकारी वा वैदेशिक रोजगारीलाई मात्र सफलताको मापदण्ड मान्नु शिक्षाको संरचनागत कमजोरी हो। विद्यालयदेखि नै सीप, उद्यमशीलता, कृषि, प्रविधि, वित्तीय साक्षरता र स्थानीय सम्भावनासँग जोडिएको शिक्षा आवश्यक छ। स्थानीय उत्पादन, बजार र समुदायका समस्यामा आधारित परियोजनात्मक सिकाइले विद्यार्थीलाई वास्तविक जीवनसँग जोड्न सक्छ।

शिक्षामा राजनीतिक हस्तक्षेप अर्को गम्भीर समस्या हो। शिक्षक नियुक्ति, सरुवा, बढुवा, विद्यालय व्यवस्थापन र विश्वविद्यालय सञ्चालनमा दलगत प्रभाव रहँदा योग्यता, उत्तरदायित्व र शैक्षिक अनुशासन कमजोर हुन्छ। शिक्षा क्षेत्रलाई कार्यकर्ता व्यवस्थापनको थलो बनाउने प्रवृत्ति अन्त्य नगरेसम्म सुधारका घोषणा प्रभावकारी हुँदैनन्। शिक्षकलाई राजनीतिक दबाबबाट मुक्त गर्दै नियमित तालिम, निष्पक्ष मूल्याङ्कन र नतिजामा आधारित जवाफदेहिता सुनिश्चित गर्नुपर्छ।

राष्ट्रिय तहमा सिकाइ उपलब्धिको स्पष्ट मापदण्ड बनाएर अन्तर्राष्ट्रिय स्तरसँग तुलना गर्नुपर्छ। पाठ्यक्रमलाई व्यवहारमुखी बनाउने, प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गर्ने, स्थानीय आवश्यकतासँग जोड्ने र मूल्याङ्कनलाई स्मरणशक्तिभन्दा प्रयोगात्मक क्षमतामा आधारित बनाउनु आवश्यक छ। सरकार, विद्यालय, शिक्षक, अभिभावक र समुदायले साझा जिम्मेवारी लिए मात्र शिक्षा प्रतिस्पर्धी बन्न सक्छ। अबको शिक्षा प्रमाणपत्र बाँड्ने होइन, सक्षम, आत्मनिर्भर र जिम्मेवार नागरिक निर्माण गर्ने दिशामा केन्द्रित हुनुपर्छ। यसका लागि सुधारलाई घोषणामा होइन, समयबद्ध कार्ययोजना र मापनयोग्य परिणाममा उतार्नुपर्छ।

### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक
**नीलकण्ठ -३, धादिङबेसी,**
**फोन ०१०-५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com

# आधुनिक प्रविधिको प्रयोगबाट कृषि क्रान्ति गर्दै किसान

*सुदीप राउत*

झापाको गौरीगञ्ज गाउँपालिका-३ का ५२ वर्षीय किसान सीताराम खड्कालाई केही वर्षअघिसम्मका ती दिन अझै झल्झली याद आउँछ। असार-साउनको हिलोमा दर्जनौं खेताला खोज्न घरघर धाउनुपर्ने, महँगो ज्याला तिर्नुपर्ने र आकासेपानीको भरपर्दा समयमै रोपाइँ नसकिने पीर। तर, यो दृश्य अहिले फेरिएको छ।

"पहिले पाँच बिघा खेत रोप्न कम्तीमा ५० जना मजदुर चाहिन्थ्यो। दुई हप्ताभन्दा बढी समय त रोपाइँमै बित्थ्यो। समयमा मजदुर नपाइने, पाए पनि ज्याला महँगो हुने र खाना-खाजा खुवाउँदा-खुवाउँदै पैसा नै सिद्धिने पीर हुन्थ्यो", अन्नपूर्ण कृषक समूहका अध्यक्ष समेत रहनुभएका खड्का आफ्ना पुराना दिन सम्झिँदै भन्नुहुन्छ, "बाली काट्ने र दाइँ गर्ने बेलामा पनि उस्तै सास्ती ! तर, अहिले त्यो कथा इतिहास बनेको छ।"

किसान खड्काको जस्तै अचेल झापाका अधिकांश खेतमा न त मजदुरको अभावले रोपाइँ रोकिन्छ, न त बाली भित्र्याउनै ढिलाइ हुन्छ। हलो, कोदालो र गोरुको ठाउँमा अहिले झापाका धानखेतहरूमा 'राइस ट्रान्सप्लान्टर', 'कम्बाइन हार्भेस्टर' र 'पावरटिलर'जस्ता आधुनिक कृषि यन्त्रहरूले काम गरिरहेका देखिन्छन्। "केही वर्षअघिसम्म मेसिनले पनि धान रोप्छभन्दा पत्याउनै गाह्रो हुन्थ्यो", अर्का स्थानीय किसान तेजबहादुर मगरले विगत सम्झिँदै भन्नुभयो, "तर अहिले समय बदलिएको छ। खेत जोत्ने, बीउ छर्ने, धान रोप्नेदेखि बाली काट्ने र दाइँ गर्नेसम्मका सबै काम मेशिनकै भरमा हुन थालेको छ। पहिले हप्तौंसम्म खेताला खोज्न हैरान हुनुपर्थ्यो, अहिले घण्टौंमै काम सकिन्छ। यसले हाम्रो श्रम, समय र खेती गर्दा लाग्ने कुल खर्च आधाभन्दा बढी घटाइदिएको छ।"

उहाँको खेतमा अहिले मजदूरको अभावले रोपाइँ रोप्नुपर्ने समस्याबाट मुक्ति मिलेको छ। "अहिले राइस ट्रान्सप्लान्टर मेसिनले त्यही पाँच बिघा खेत एक दिनमै रोपेर सकिन्छ। कम्बाइन हार्भेस्टरले दुई-तीन घण्टामै धान काटेर, दाइँ गरी बोरामा हालेर घर पुऱ्याइदिन्छ", हर्षित मुद्रामा मगरले भन्नुभयो, "जहाँ पहिले प्रतिबिघा १५ देखि १८ हजार रुपैयाँसम्म रोपाइँ-कटाइमा खर्च हुन्थ्यो, अहिले मेसिनको प्रयोगले त्यो लागत झण्डै आधामा सीमित भएको छ।"

मुख्यगरी झापाका दक्षिणी क्षेत्रमा धान खेतीमा कृषि मेशिन तथा आधुनिक उपकरण प्रयोग गर्ने किसानको सङ्ख्या बर्सेनि तीव्र रूपमा बढ्दै गएको छ। धानको बीउ छर्ने, जमिन तयार गर्ने, रोपाइँ गर्ने, बाली काट्ने, दाइँ गर्ने र अन्न छुट्याउनेसम्मका काममा मेसिनको प्रयोग बढेको छ। गाउँका अधिकांश युवा वैदेशिक रोजगारी र अन्य पेसामा आकर्षित भएपछि सिर्जित 'कृषि मजदुरको अभाव'लाई झापाली किसानले प्रविधिको प्रयोग गरेर अवसरमा बदलेका छन्।

अनुदानले ल्याएको यान्त्रीकरणको लहर

धान उत्पादनका लागि देशकै प्रमुख जिल्लामध्ये एक मानिने झापामा परम्परागत खेती प्रणालीलाई आधुनिक र व्यावसायिक बनाउन सरकारी तथा सहकारी क्षेत्रबाट पनि उल्लेख्य प्रोत्साहन भइरहेको छ।

गत आव २०८२/८३ मा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत झापाका 'जोन' तथा 'सुपरजोन' क्षेत्रमा ५० प्रतिशत अनुदानमा ठूलो सङ्ख्यामा आधुनिक उपकरणहरू वितरण गरिएको छ। राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम झापाका प्रमुख तथा वरिष्ठ कृषि अधिकृत रविन्द्र सुवेदीका अनुसार यस्ता आधुनिक प्रविधिको प्रवेश र विस्तारले जिल्लाको कृषि क्षेत्रमा नयाँ उत्साह र ऊर्जा भरेको छ। "कृषि यन्त्रको प्रयोगले किसानको उत्पादन लागत ह्वात्तै घटाएको छ", सुवेदी भन्नुहुन्छ, "वर्षायाममा मौसमको भर हुँदैन, छोटो समयमा धेरै क्षेत्रफलमा खेती सम्पन्न गर्न र उत्पादन बढाउन यान्त्रीकरणले महत्वपूर्ण काम गरेको छ। अनुदानले साना र मध्यमस्तरका किसानलाई पनि आधुनिक प्रविधिमा जोड्न ठूलो मद्दत पुऱ्याएको छ। एक हिसाबलेभन्दा झापाका गाउँबस्तीका खेत र फाँटहरुमा आधुनिक कृषि प्रविधिले कृषि क्रान्ति ल्याइदिएको छ।"

'कस्टम हायरिङ सेन्टर'

लाखौं मूल्य पर्ने महँगा कृषि यन्त्रहरू साना र सीमान्तकृत किसानले आफैं खरिद गर्न सम्भव हुँदैन। यही समस्याको व्यावहारिक र दीर्घकालीन समाधान बनेको छ, 'कस्टम हायरिङ सेन्टर' (सहुलियत भाडामा उपकरण पाइने केन्द्र)। झापाका विभिन्न स्थानमा सञ्चालित यी केन्द्रहरूबाट साना र सीमित जग्गा भएका किसानले सस्तो भाडादरमा ट्र्याक्टर, थ्रेसर, रोटाभेटर, कल्टिभेटर र लेजर ल्यान्ड लेभलरजस्ता अत्याधुनिक प्रविधि भाडामा ल्याएर प्रयोग गरिरहेका छन् अर्थात् यी कृषि प्रविधिमार्फत सहज रुपमा साना र सीमान्तकृत किसानको पहुँच आधुनिक प्रविधिसँग पुऱ्याइएको छ।

झापा गाउँपालिकास्थित टाघनडुब्बा साना किसान कृषि सहकारी संस्थाका अध्यक्ष देवेन्द्रचन्द्र सिंह राजवंशी यस्ता प्रविधिलाई किसानको वरदान मान्नुहुन्छ। "वर्षायाममा मौसम छिनछिनमा बदलिन्छ। पहिले महिना दिन लाग्ने रोपाइँ अहिले मेसिनको सहायताले केही दिनमै सकिन्छ। विशेषगरी साना किसानका लागि 'कस्टम हायरिङ' सेवाले ठूलो आर्थिक राहत पुऱ्याएको छ", राजवंशीले बताउनुभयो।

त्यस्तै, गौरीगञ्ज गाउँपालिका-३ स्थित अन्नपूर्ण कृषक समूहका कोषाध्यक्ष गीतामाया चौधरीका अनुसार समूह र सहकारीमार्फत यन्त्र सञ्चालन गर्दा निजी क्षेत्रको तुलनामा धेरै सस्तो पर्छ। "हामीले हाम्रा सदस्यहरूलाई बजारकोभन्दा निकै कम मूल्यमा उपकरण उपलब्ध गराउँदै आएका छौं। यसले गर्दा दुई-तीन कट्ठामा खेती गर्ने साना किसानले पनि प्रविधिको पूर्ण लाभ लिन पाएका छन्", चौधरीले खुसी व्यक्त गर्नुभयो। विशेषगरी 'लेजर ल्यान्ड लेभलर' को प्रयोगले खेत सम्याउँदा सिँचाइको पानी २५ देखि ३० प्रतिशतसम्म बचत हुने र मल तथा बीउको समान उपयोग भई धानको उत्पादनमा १० देखि १५ प्रतिशतसम्म वृद्धि आएको कृषि प्राविधिकहरूको भनाइ छ।

अझै कायमै छन् चुनौती

धान खेतीमा यान्त्रीकरणले अभूतपूर्व फड्को मारे पनि व्यावहारिक रूपमा केही चुनौतीहरू अझै खड्किरहेका छन्। खासगरी आधुनिक मेसिन सञ्चालन गर्ने र बिग्रँदा मर्मत गर्ने दक्ष जनशक्तिको स्थानीयस्तरमा चरम अभाव छ। मुख्य रोपाइँ वा बाली कटानीको मुख्य याममै मेसिन बिग्रँदा तत्काल बनाउने 'वर्कसप' र 'स्पेयर पार्ट्स' नपाएर कामै रोकिने जोखिम उत्तिकै रहन्छ। साथै, जग्गाको खण्डीकरणका कारण साना र टुक्रे खेतसम्म ठूला कम्बाइन हार्भेस्टर लैजान सडक र गराको समस्याले पनि किसानलाई पिरोल्ने गरेको छ। निजी मेसिन सञ्चालकले मनपरी भाडा लिने गरेकाले सरकारी तवरबाटै निश्चित भाडादर निर्धारण हुनुपर्ने माग किसानको छ। प्रविधिले ल्याएको सहजतासँगै सिर्जित यस्ता समस्यालाई समाधान गर्न स्थानीय सरकार र कृषि ज्ञान केन्द्रले विशेष पहल गर्नुपर्ने किसानको जोड छ। झापा गाउँपालिकाका किसान चेतनाथ उप्रेतीका अनुसार गाउँमै युवालाई लक्षित गरी मेसिन सञ्चालन तथा मर्मतसम्बन्धी तालिम दिन सके जनशक्तिको समस्या सुल्झिनुका साथै रोजगारीको नयाँ अवसरसमेत सिर्जना हुनेछ।

"प्रविधि त आयो, अब स्थानीय तह र कृषि ज्ञान केन्द्रले मेसिन चलाउने र मर्मत गर्ने तालिम गाउँकै युवालाई दिनुपर्छ", उप्रेती थप्नुहुन्छ, "यसका साथै इन्धनको बढ्दो मूल्य नियन्त्रण र मेसिनको भाडादरमा एकरूपता ल्याउनसके साना र वास्तविक किसानले प्रविधिको पूर्ण लाभ लिन सक्नेछन्।" कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्टका अनुसार कार्यालयले गत आवमा प्रविधिमा आधारित धानखेतीलाई प्रोत्साहन गर्न ५० प्रतिशत अनुदान र सीप विकासका कार्यक्रम सञ्चालन गरेको छ। मेसिनको प्रयोग गरी धानखेती गर्ने किसानलाई उपकरण प्रयोग लागतमा ५० प्रतिशत अनुदान उपलब्ध गराइनुका साथै बीउ र नर्सरी व्यवस्थापनका लागि जिल्लाका चार वटा कृषि सहकारीमार्फत व्यावहारिक तालिम प्रदान गरिएको उहाँले जानकारी दिनुभयो।

यसै कार्यक्रमअन्तर्गत कुल ३१५ बिघा क्षेत्रफलमा मेसिनमार्फत धानखेती गर्ने किसानलाई प्रोत्साहनस्वरूप ५० प्रतिशत अनुदान रकम वितरण गरिएको प्रमुख विष्टले बताउनुभयो।

प्रविधिसँगै बजार र समर्थन मूल्य

झापाका धानखेतमा बढेको प्रविधिको प्रयोग कृषि क्षेत्रबाटै आर्थिक समृद्धि हासिल गर्ने किसानको सपना पूरा गर्ने एउटा बलियो माध्यम बनेको छ। यद्यपि, प्रविधिको यो आशालाग्दो सुरुआतलाई दिगो बनाउन भने वर्षैभरि सिँचाइको सुविधा, समयमै रासायनिक मलको आपूर्ति र गुणस्तरीय बीउको ग्यारेन्टी हुनु अनिवार्य छ। मेसिन प्रयोग गरेर उत्पादन लागत घटाए पनि किसानले उत्पादित धानको उचित र समर्थन मूल्य समयमै पाउनुपर्छ। लागत घटेर उत्पादन बढे पनि बजारमा बिचौलियाको दबदबा कायम रहे किसानको आर्थिक जीवनस्तर उठ्न सक्दैन। उत्पादित वस्तुले उचित बजार र मूल्य नपाउने, अर्कातिर डिजेल, मल र बीउको लागत लगातार महँगिँदैजानाले किसानले मेहनतअनुसारको सोचेजस्तो प्रतिफल अझै पाउन सकेका छैनन्। 'कस्टम हायरिङ' सेन्टरको दायरा गाउँगाउँसम्म विस्तार गर्ने, स्थानीयस्तरमै मर्मत केन्द्र खोल्ने, साना किसानमैत्री मेसिनहरू भित्र्याउने र उत्पादित धानको खरिद सुनिश्चित गर्ने हो भने झापाको यो 'प्रविधि क्रान्ति' समग्र देशकै लागि एउटा उदाहरणीय, प्रेरणादायी र अनुकरणीय नमुना बन्ने पक्का छ।

**भू-संरक्षणमा ध्यान दिऔं**

- **भू-क्षय र पहिरो नियन्त्रणमा योगदान दिऔं,**
- **भिरालो जमिनमा खेती गर्दा गरा बनाई गरौं,**
- **भूक्षय रोक्ने रुख, घाँस (अम्रिसो, बाँस) जस्ता बोटबिरुवा रोपौं.**
- **बिना अनुमति गिट्टि, बालुवा, माटो, ढुङ्गा उत्खनन नगरौं,**
- **भू-बनोट र वातावरणीय अध्ययन गरेर मात्र सडक पूर्वाधार निर्माण गरौं,**
- **वन, जलस्रोत र प्राकृतिक सम्पदाको संरक्षण गरौं,**
- **भू-संरक्षणमा समुदायको सहभागिता बढाऔं।**

**भू-रक्षाः जीवनको सुरक्षा**

**नेपाल सरकार,**
**विज्ञापन वोर्ड**

# सञ्चारमन्त्री डा तिमिल्सिनाद्वारा ककनीका समस्याबारे जनप्रतिनिधिसँग छलफल

काठमाडौँ । नुवाकोट क्षेत्र नम्बर १ का प्रतिनिधिसभा सदस्य एवं सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले नुवाकोटको ककनी गाउँपालिकाका जनप्रतिनिधिसँग त्यहाँको विकास निर्माणको अवस्था, स्थानीय तहले भोगिरहेका समस्या, नागरिकका गुनासा तथा अपेक्षाबारे विस्तृत छलफल गर्नुभएको छ ।

ककनीका जनप्रतिनिधिसँग प्रत्यक्ष संवाद गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले जनताका समस्याको जानकारी लिएर सम्बन्धित निकायसँग समन्वयमार्फत समाधानका लागि आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

सूचना तथा सञ्चार मन्त्रालयमा बुधबार भएको उक्त छलफलमा ककनी गाउँपालिकाका अध्यक्ष सुमन तामाङ, वडा नं १ वडाध्यक्ष पदमबहादुर श्रेष्ठ, वडा नं २ का वडाध्यक्ष कृष्ण घिमिरे र वडा नं ३ का वडाध्यक्ष घननाथ बजगाई तथा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खम्बराई राई सहभागी हुनुहुन्थ्यो ।

छलफलमा सञ्चारमन्त्री डा तिमिल्सिनाको सचिवालयका प्रमुख स्वकीय सचिव शिव थापा, स्वकीय सचिव जीवन खरेल तथा राष्ट्रिय स्वतन्त्र पार्टीका नेता मधुसुदन ढकाल, रोजिन लामा, शिशिर फुयाँललगायतको उपस्थिति थियो । भेटका क्रममा ककनी गाउँपालिकाको समग्र विकास निर्माण, सडक पूर्वाधार, विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, दूरसञ्चार सेवा, कृषि, गुठी जग्गाको व्यवस्थापन तथा स्थानीय नागरिकले भोगिरहेका अन्य समस्याका विषयमा विस्तृत छलफल भएको थियो । स्थानीय जनप्रतिनिधिले वर्षायाममा बाढी-पहिरोको जोखिम बढ्दै गएको, विपद् व्यवस्थापनका पूर्वतयारीलाई प्रभावकारी बनाउनुपर्ने तथा जोखिम न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याएका थिए । त्यस्तै सिसडोल र बञ्चरेडाँडासँग जोडिएको फोहोर व्यवस्थापनको समस्या स्थानीय बासिन्दाको स्वास्थ्य र वातावरण सँग प्रत्यक्ष रूपमा जोडिएको विषय भएकाले त्यसको दीर्घकालीन समाधानका लागि सङ्घीय सरकारबाट सहयोग आवश्यक रहेको उहाँहरुको भनाइ थियो ।

छलफलमा फोहर व्यवस्थापनका क्रममा काठमाडौँ महानगरपालिकासँग अपेक्षित समन्वय हुन नसकेको विषय पनि उठाइएको थियो । प्रभावित क्षेत्रमा फोहोरका कारण स्थानीयवासीको स्वास्थ्यमा गम्भीर असर परेको उल्लेख गर्दै जनप्रतिनिधिहरूले सरकारबाट आवश्यक सहयोग र प्रभावकारी समन्वयको अपेक्षा व्यक्त गर्नुभएको थियो । यो समस्या समाधानका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच थप समन्वय आवश्यक रहेको उहाँहरुको धारणा थियो ।

स्थानीय जनप्रतिनिधिले सडक पूर्वाधारलाई ककनीको प्रमुख आवश्यकता भएको उल्लेख गर्दै विभिन्न स्थानमा सडक विस्तार तथा सडक कालोपत्र गर्ने कामलाई प्राथमिकतामा राख्न आग्रह गर्नुभयो । निर्वाचनका क्रममा स्थानीयवासीले उठाएका गुनासा स्मरण गराउँदै उहाँहरूले वर्षायाममा हिलो र हिउँदमा धुलोका कारण नागरिकले दैनिक सास्ती भोग्नुपरेको विषयसमेत उठाउनुभएको थियो ।

सडक विस्तारका क्रममा गुठीको जग्गा पर्ने ठाउँको पहिचान तथा त्यसको अभिलेख अद्यावधिक तथा व्यवस्थापन गर्न सङ्घीय सरकारको सहयोग आवश्यक रहेको विषय पनि छलफलमा उठाइएको थियो । नुवाकोटको कुलेदेखि गौरीखर्कसम्मको सडक निर्माण सम्पन्न भए त्यस क्षेत्रका नागरिकलाई उल्लेखनीय राहत पुग्ने भएकाले यसलाई प्राथमिकतामा राख्न पनि उहाँहरुले आग्रह गर्नुभयो ।

त्यस्तै तिनपिप्ले-चाउथे-गल्छी सडक योजना लाई पनि प्राथमिकतामा राख्न आग्रह गरिएको थियो । छलफलका क्रममा ककनीको चाउथेलगायत केही क्षेत्रमा नेपाल टेलिकमका टावर प्रभावकारी रूपमा सञ्चालन हुन नसक्दा सञ्चार सेवामा समस्या भइरहेको विषय पनि उठाइएको थियो ।

त्यसैगरी, किसानले समयमै रासायनिक मल नपाएको तथा मल वितरणमा अनियमितता र चुहावट हुनसक्ने आशङ्का रहेको भन्दै सम्बन्धित निकायबाट छानबिन र प्रभावकारी व्यवस्थापनको माग गरिएको थियो । जनप्रतिनिधिहरूले उठाएका विषयलाई आफूले गम्भीर रुपमा लिएको बताउनुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले आफू सूचना तथा सञ्चार मन्त्रालयको नेतृत्वमा रहे पनि नुवाकोट क्षेत्र नम्बर १ का जनप्रतिनिधिका रूपमा नागरिकका समस्या समाधानका लागि आवश्यक पहल गर्ने बताउनुभयो । उहाँले मल वितरणमा समस्या रहेको जानकारी प्राप्त भएको उल्लेख गर्दै सम्बन्धित निकायसँग यसबारे जानकारी मागिने र आवश्यक समन्वय गरिने जानकारी दिनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले वर्तमान सरकारले शासकीय सुधार, नागरिक सेवा प्रवाह र आन्तरिक प्रशासनिक सुधारलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको उल्लेख गर्दै नागरिकका समस्या समाधानका लागि सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय अपरिहार्य रहेको बताउनुभयो । "सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहले आ-आफ्नो जिम्मेवारी स्पष्ट रूपमा बुझेर प्रभावकारी ढङ्गले काम गर्नसके नागरिकका गुनासा छिटो सम्बोधन गर्न सकिन्छ", उहाँले भन्नुभयो, "तीनवटै तहबीच समन्वय गरेर काम गर्न सकियो भने दोहोरोपन हट्छ, स्रोत-साधनको प्रभावकारी उपयोग हुन्छ र आवश्यकता का आधारमा योजना अघि बढाउन पनि सहज हुन्छ ।"

सञ्चारमन्त्री डा तिमिल्सिनाले नुवाकोटका लागि आवश्यक बजेट व्यवस्थापनमा आफूले पर्याप्त पहल गरेको स्पष्ट पार्दै रणनीतिक महत्वका सडक आयोजनाको कामलाई तीव्रता दिन सडक विभागका सम्बन्धित अधिकारीसँग छलफल गरिसकेको जानकारी दिनुभयो । नुवाकोटका सडक आयोजना छिटो सम्पन्न गर्ने विषयमा सडक विभागसँग समन्वय भइरहेको र पूर्वाधार विकास मन्त्रालयसँग पनि निरन्तर समन्वय भइरहेको उहाँले बताउनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले स्थानीय तहसँगको यो छलफललाई समस्या समाधानको प्रारम्भिक चरणका रूपमा उल्लेख गर्दै संवादलाई निरन्तरता दिइने प्रतिबद्धता व्यक्त गर्नुभयो । "यो संवादको थालनी हो, अन्त्य होइन । हामी सरोकारवाला निकायसँग नियमित छलफल गरेर स्थानीय तहका समस्या समाधानका लागि निरन्तर पहल गर्छौं", उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले कुनै पनि समस्या तत्काल समाधान हुने अवस्था सबैमा नहुन सक्ने उल्लेख गर्दै उपलब्ध स्रोत, साधन र अधिकारको सीमाभित्र रहेर समाधान खोज्नुपर्ने धारणा व्यक्त गर्नुभयो । "समस्या समाधानका लागि कसैसँग पनि जादुको छडी छैन । तर सबै निकायले आफ्नो जिम्मेवारी इमानदारीपूर्वक निर्वाह गरे नागरिकका धेरै समस्या समाधान गर्न सकिन्छ । प्रयास पर्याप्त नभएको महसुस भए त्यसबारे पनि जानकारी गराउनुस्, हामी सम्बन्धित निकायसँग समन्वय गरेर अघि बढ्नेछौँ", उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले नागरिकका आवश्यकता र स्थानीय तहका प्राथमिकतालाई केन्द्रमा राखेर सम्बन्धित मन्त्रालय तथा निकायसँग नियमित समन्वय गर्दै नुवाकोटका विकास निर्माण र जनजीविकासँग जोडिएका विषयलाई अघि बढाइने विश्वास व्यक्त गर्नुभयो ।

# जुम्लामा उत्पादन भएको स्याउको अधिक माग

कर्णाली । आमनेपालीले जुम्लामा उत्पादन भएका स्याउ रुचाउन थालेका छन् । चिकित्सक स्याउलाई उच्चकोटीको फल मान्दछन् । स्याउको बोक्रा नतासिकन खाँदा पर्याप्तमात्रामा फाइबार पाइने भएकाले पेटसम्बन्धी रोग नलाग्ने बताइन्छ ।

जुम्लामा गत आव २०८२/८३ मा एक करोड ८२ लाख ४५ हजार केजी स्याउ उत्पादन भएको थियो । उत्पादनको झन्डै ७० प्रतिशत स्याउ नेपाली बजारमानै खपत भएको छ ।

सो आर्थिक वर्षमा एक करोड २६ लाख ५४ हजार केजी स्याउ नेपाली बजारमा खपत भएको छ । उत्पादनको करिब ३० प्रतिशत अर्थात् ५५ लाख ९१ हजार केजी स्याउ भारत निर्यात भएको कृषि विकास कार्यालय जुम्लाका कार्यालय प्रमुख रामभक्त अधिकारीले बताउनुभयो ।

भारतमा बिक्री भएको स्याउबाट गत वर्ष जुम्लाले रु ४१ करोड ३७ लाख ३४ हजार आम्दानी गरेको छ । प्रतिकेजी रु ७४ मा स्याउ बिक्री गरी जुम्लाले उक्त आम्दानी गरेको हो । भारतमा जुम्लाको स्याउलाई 'पहाडीय चिसो स्याउ' भनेर त्यहाँका उपभोक्तले रुचाउने गरेको अधिकारीले बताउनुभयो । कृषि विकास कार्यालय, जुम्लाले भारतमा स्याउको अधिक माग भएपछि चालु आव २०८३/८४ मा भारततर्फ झण्डै रु ८० करोडको स्याउ निर्यात गर्न दुई करोड ७० हजार केजी स्याउ उत्पादन गर्ने लक्ष्य अनुरुप स्याउ उत्पादनलाई प्राथमिकता दिइएको छ ।

स्याउका दाना हेर्दा आकर्षक नदेखिए पनि खाँदा गुलियो स्वाद भएकै कारण नेपाली तथा भारतीय बजारमा 'जुम्ली स्याउ'को माग अकासिँदै गएको तथ्याङ्कबाट पुष्टि हुन्छ ।

जुम्लामा झण्डै चार हजार ६०५ हेक्टर अर्थात् ९२ हजार ८० रोपनी क्षेत्रफलमा स्याउखेती गरिएको छ । चालु आवमा झण्डै १०८ हेक्टर अर्थात् दुई हजार १६० रोपनी थप क्षेत्रफलमा स्याउखेती विस्तार गरिने लक्ष्य छ ।

अधिकारीले भन्नुभयो, "गत वर्षभन्दा यस वर्ष स्याउको उत्पादन र उत्पादकत्व बढाउने उद्देश्यले गत पुसदेखि माघसम्म यहाँका ८०० किसानलाई स्याउ बगैँचा काटछाँटको अभियान चलाएका छौँ । यसले स्याउको दाना ठूला, पोटिला, स्वादिष्ट, रङसहित आकर्षक हुने र किसानले उचित मूल्य प्राप्त गर्ने अपेक्षा गरेका छौँ ।"

# नेप्से परिसूचक दोहोरो अंकले घट्यो

काठमाडौँ । धितोपत्र बजारमा सेयर कारोबार मापन नेप्से परिसूचक बुधबार दोहोरो अङ्कले घटेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १३ दशमलव ९५ अङ्कले घटेर दुई हजार ७१२ दशमलव ५४ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव १० अङ्कले घटेर ४७० दशमलव ३१ मा पुगेको छ । फ्लोट सूचक शून्य दशमलव ७७ अङ्कले घटेर १८५ दशमलव ८५ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक भने शून्य दशमलव ५८ अङ्कले घटेर १५९ दशमलव ४३ मा रहेको छ । बुधबार विभिन्न कम्पनीका एक करोड १३ लाख ६२ हजार ४६५ कित्ता सेयर रु पाँच अर्ब १८ करोड ७४ लाख ६७ हजार ७३ मूल्यमा खरिद बिक्री भएको छ । तेह्र उपसमूहमध्ये दुई उपसमूह बढ्यो भने ११ उपसमूह घटेको छ । आज ७७ कम्पनीको सेयर बढ्यो भने १९३ कम्पनीको सेयर घट्यो ।

त्यसैगरी सात कम्पनीको सेयर स्थिर रह्यो । नेप्सेका अनुसार एभरेष्ट कलर लिमिटेड, भुगोल हाइड्रोपावर साल्पा विकास बैंकका लगानीकर्ताले कमाएका छन् । त्यस्तै, गरी एनसिसी डिबेञ्जर, नेपाल इन्भेष्टमेन्ट बैंक डिबेञ्चर, एनबिबिएल डिबेञ्चरका लगानीकर्ताले गुमाएका छन् ।

# श्रमिकका उजुरी एक घण्टाभित्रै सम्बोधन गर्न निर्देशन

काठमाडौँ । श्रम तथा व्यवसायजन्य सुरक्षा विभागले श्रमिक तथा पीडितले दिएका उजुरी वा निवेदनलाई कार्यालय प्रमुख र सम्बन्धित कर्मचारीले प्राप्त भएको एक घण्टाभित्रै सम्बोधन गर्न निर्देशन जारी गरेको छ ।

विभागले आफ्ना मातहतका सबै श्रम तथा रोजगार कार्यालय र व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य केन्द्रलाई मङ्गलबार परिपत्र जारी गर्दै यस्तो निर्देशन दिएको हो ।

विगतमा हेल्लो सरकार, मन्त्रालय वा विभागलगायत विभिन्न माध्यमबाट आएका वा सिधै कार्यालयमा दिइएका उजुरी समयमै सम्बोधन नभएको, कर्मचारीले उचित व्यवहार नगरेको र न्याय दिन ढिलाइ गरेको गुनासो आएपछि विभागले यस्तो परिपत्र जारी गरेको हो । श्रमिकका उजुरी वा निवेदन प्राप्त भएको एक घण्टाभित्रै सम्बोधन गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनुपर्ने तथा सुशासन ( व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारीले आफ्नो जिम्मेवारी र आचरण पालना गर्नुपर्ने परिपत्रमा उल्लेख छ ।

कुनै विषय आफ्नो क्षेत्राधिकारभित्र नपर्ने भएमा सोको जानकारी तत्काल सेवाग्राहीलाई गराई सम्बन्धित निकायमा पठाउनुपर्ने तथा श्रमिकका उजुरीउपर प्रतिष्ठानबाट समयमै प्रतिक्रिया लिने व्यवस्था मिलाउन पनि भनिएको छ । वार्ता गराउने र वार्ताबाट समाधान नभएमा कार्यालयले यथाशीघ्र निर्णय गर्नुपर्ने तथा श्रम अदालत र कार्यालयबाट भएका आदेश वा निर्णय समयमै कार्यान्वयन गर्नुपर्नेलगायतका विषय विभागले जारी गरेको परिपत्रमा उल्लेख छ । हेल्लो सरकारबाट प्राप्त गुनासो सम्बोधन भएपछि सोको जानकारी यथाशीघ्र गराउनसमेत विभागले निर्देशन दिएको छ ।

# छ अर्ब छ करोड ७८ लाख राजस्व संकलन




जनकपुरधाम । बजारमा देखिएको आर्थिक तरलताका बाबजुद आन्तरिक राजस्व कार्यालय जनकपुरधाम, धनुषाले आर्थिक वर्ष २०८२/८३ मा रु छ अर्ब छ करोड ७८ लाख ८८ हजार राजस्व सङ्कलन गरेको छ ।

आन्तरिक राजस्व कार्यालय जनकपुरधामका प्रमुख आनन्दकुमार गुप्ताका अनुसार विभिन्न अभियानमार्फत पुरानो बक्यौता असुली र बजार अनुगमनलाई तीव्रता दिएपछि लक्ष्यको ८८ दशमलव ४९ प्रतिशत राजस्व सङ्कलन भएको हो । आव २०८२/ ८३ मा सो कार्यालयले अन्तशुल्कतर्फ रु दुई अर्ब ५५ करोड सात लाख ३० हजार, आयकरतर्फ रु दुई अर्ब छ करोड ८२ लाख एक हजार र मूल्यअभिवृद्धि करतर्फ रु एक अर्ब २८ करोड ४० लाख ९९ हजार राजस्व सङ्कलन गरेको छ । यस्तै ब्याजकरतर्फ रु सात करोड ७८ लाख तीन हजार, बहालकरतर्फ रु पाँच करोड २५ लाख ३७ हजार, स्वास्थ्य जोखिम करतर्फ रु चार लाख ३१ हजार र अन्यतर्फ तीन करोड ४० लाख ८७ हजार राजस्व सङ्कलन भएको प्रमुख गुप्ताले बताउनुभयो ।

कार्यालयले अघिल्लो आव २०८१/०८२ मा रु चार अर्ब ८८ करोड राजस्व सङ्कलन गर्ने लक्ष्य लिएकामा रु चार अर्ब ९० करोड सङ्कलन गरेको थियो । प्रमुख गुप्ताका अनुसार आव २०८२/८३ मा रु छ अर्ब ८५ करोड ७२ लाख ५५ हजार राजस्व सङ्कलन गर्ने वार्षिक लक्ष्य थियो । सो कार्यालयमा व्यक्तिगत र व्यावसायिक लगायत गरी एक लाख ७३ हजार नौ सय ६८ कर दाता रहेका छन् ।

करदाताको घरमा पुग्ने, टेलिफोन र एसएमएसमार्फत ताकेता गर्ने, कर छुटसम्बन्धी सुविधाबारे प्रचारप्रसार गर्नेलगायतका अभियान सञ्चालन गरी करिब रु १० करोडभन्दा बढी पुरानो बक्यौता असुली भएको प्रमुख गुप्ताले बताउनुभयो ।

# कानुन कार्यान्वयन अवस्थाको अध्ययन सुरु

काठमाडौँ । राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिले हाल कार्यान्वयनमा रहेका विभिन्न ऐन (कानुन)को कार्यान्वयन अवस्थाको अध्ययन सुरु गरेको छ ।

समितिद्वारा गठित 'ऐन कार्यान्वयन मापन अध्ययन सिफारिस उपसमिति'ले सङ्घीय विभिन्न ऐन कार्यान्वयन अवस्थाबारे अध्ययन थालेको हो । समितिले त्यसका लागि सांसद डा अञ्जान शाक्यको संयोजकत्वमा सांसद खम्बहादुर खाती, झक्कुप्रसाद सुवेदी, कृष्णप्रसाद सिटौला, राजेन्द्रलक्ष्मी गैह्रे, रामकुमारी झाँक्री र विष्णुदेवी पुडासैनी सदस्य रहेको उपसमिति गठन गरेको थियो । समितिका सभापति कृष्णबहादुर रोकायको सभापतित्वमा यही साउन ४ गतेको बैठकले उक्त उपसमिति गठन गरेको थियो ।

उपसमितिका संयोजक डा शाक्यले समितिबाट प्राप्त जिम्मेवारीअनुसार उपसमितिको पहिलो बैठक भई कार्यविधि तर्जुमासहित अध्ययनको काम आरम्भ गरिएको बताउनुभयो । उपसमितिलाई नेपालमा हाल कार्यान्वयनमा रहेका कानुन अध्ययन गरी ऐन कार्यान्वयन मापन गर्न उपयुक्त ऐन वा ऐनका कुनै दफा वा कुनै व्यवस्था प्राथमिकतासहित सिफारिस गर्न कार्यक्षेत्र तोकिएको छ ।

## पर्यटनमन्त्री पौडेलद्वारा मझगाउँ विमानस्थल अवलोकन

महेन्द्रनगर। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेलले कञ्चनपुर को भीमदत्त नगरपालिकास्थित मझगाउँ विमानस्थलको स्थलगत अवलोकन गर्नुभएको छ।

मन्त्री पौडेलले बुधबार स्थलगत अवलोकन गर्दै विमानस्थल पुन: सञ्चालनका लागि भइरहेको प्रगति र बाँकी रहेका कामबारे सम्बन्धित जानकारी लिनुभएको थियो। अवलोकनका क्रममा उहाँले राज्यको लगानी खेर जान नहुने बताउँदै विमानस्थलको पुनर्निर्माणमा देखिएका समस्या समाधान गरिने बताउनुभयो। त्यसैगरी मन्त्री पौडेलले बुधबारै दोधारा चाँदनीमा निर्माण भइरहेको सुक्खा बन्दरगाहको स्थलगत अवलोकन गर्नुभएको छ।

विसं २०५८ मा सुरक्षाको कारण देखाउँदै बन्द भएको विमानस्थल त्यसयता सञ्चालनमा आउन सकेको छैन। पुनर्निर्माणका लागि तीन वर्षमा सम्पन्न गर्ने गरी २०७८ सालमा रु ४५ करोड ६६ लाखमा ठेक्का सम्झौता भए पनि विमानस्थलको निर्माण कार्य हाल ७५ प्रतिशत सकिएको छ।

पहिलो चरणको निर्माण अवधिको म्याद सकिएपछि एक वर्ष समयावधि बढाइएको छ। एक हजार ५२५ मिटर रन्वे कालोपत्र गर्नुपर्नेमा एक हजार ४५० मिटर रन्वे निमार्ण भएको छ। लामो समय जग्गा अधिग्रहणको विवादले निर्माण प्रभावित हुँदै आएको विमानस्थलको रन्वेका लागि गत वर्ष नेपाली सेनाले जग्गा दिएपछि निर्माणले गति पाएको हो। विमानस्थल स्तरोन्नतिका लागि २०७७ सालमा सङ्घीय सरकार, प्रदेश र स्थानीयमा भीमदत्त तथा दोधारा चाँदनी नगरपालिकाले समझदारी पत्रमा हस्ताक्षर गरेका थिए। विमानस्थल पुनर्निर्माणमा भीमदत्त नगरपालिकाको १५ प्रतिशत, दोधारा चाँदनीको १०, सुदूरपश्चिम प्रदेश सरकारको २५ तथा सङ्घीय सरकारको ५० प्रतिशत लगानी रहेको बताइएको छ।

## कोलकाता-विराटनगर रेल सेवाः उद्योगी र व्यापारी हर्षित

विराटनगर। विराटनगरका उद्योगी व्यवसायीले भारतको कोलकाताबाट विराटनगरस्थित एकीकृत जाँचचौकीसम्म कार्गो रेल सेवा सञ्चालनमा आएपछि ढुवानी लागत र समय दुवै कम हुने विश्वास व्यक्त गरेका छन्।

विश्वका अन्य देशबाट उद्योगका लागि आयत गरिन कच्चा पदार्थ लगायतका सामाग्री सडक मार्गको तुलनामा रेलमार्फत ल्याइदा ढुवानी खर्चमा ३५ देखि ४० प्रतिशतसम्म बचत हुने उहाँहरुको भनाइ छ।

मोरङ व्यापार सङ्घका अध्यक्ष अनुपम राठीका अनुसार रेलमार्फत सामान आयात गरिदा लागत मात्र नभई समय पनि ठूलो बचत हुने बताउनुभयो। उहाँले सबै कन्टेनरमा जडित विद्युतीय कार्गो ट्रयाकिङ सिस्टम (इसिटीएस)का कारण सामान सुरक्षित रहने, बाटोमा हुने चोरी वा क्षतिको जोखिम अन्त्य हुने, सामान तथा रेलको निगरानी मोबाइलबाटै गर्न सकिने बताउनुभयो।

अध्यक्ष राठीले बन्दरगाहमा लाग्ने विलम्ब शुल्कलगायतका शुल्क घट्ने भएकाले पनि नेपाली उद्योगी-व्यवसायीलाई बहुआयामिक लाभ प्राप्त हुने जानकारी दिनुभयो।

आगामी दिनमा उक्त सेवाको निरन्तरताले नेपालमा उत्पादित सामाग्री भारत र तेस्रो मुलुक निर्यात गर्न समेत सस्तो र छिटो हुने अपेक्षा गरिएको छ। पछिल्लो समय कार्गो रेलका लागि विराटनगरमै कार्यालय खोली कन्टेनर उपलब्ध गराउन थालेपछि नेपाली उद्योगको अन्तरराष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक क्षमता समेत सुदृढ हुने विश्वास गरिएको छ।

मोरङ-सुनसरी औद्योगिक करिडोरका उद्योगी-व्यवसायीले वर्षौंदेखिको सपना पछिल्लो एक दशकदेखि परिणाममुखी प्रयासले हर्षित तुल्याएको उद्योगी व्यवसायिको भनाइ छ। नेपाल र भारत सरकारका निकायसमक्ष सङ्घले उद्योगका लागि आवश्यक पर्ने सबै प्रकारका कच्चा पदार्थ कन्टेनर कार्गोमार्फत विराटनगर ल्याउन पाउने व्यवस्था मिलाउन माग माग गर्दैआएको थियो। दुवै देशका सरकारले त्यससम्बन्धी नीतिगत र कानुनी जटिलता फुकाइदिएपछि कोलकाता-विराटनगर सीधा कार्गो रेल सेवा सञ्चालनमा आएको छ।

सङ्घका उपाध्यक्ष अनिलकुमार साह र महासचिव सञ्जयकुमार श्रेष्ठले विराटनगरसम्म कार्गो रेल आउँदा भविष्यमा उद्योग र व्यापारमा लगानी गर्न चाहने उद्योगी र व्यापारीका लागि पनि लाभदायिक हुने भएको छ। मोरङ व्यापार सङ्घका पूर्वअध्यक्ष नवीन रिजालले उद्योगी र व्यापारिहरुको यो प्रयासलाई सरकारले स्वीकार गरी समस्या समाधानमा भएको यो प्रगतिप्रति सरकारलाई धन्यवाद दिनुभयो।

## शिक्षा र स्वास्थ्यमा तीन प्रतिशत कर फिर्ता स्वागतयोग्य रहेको प्रतिक्रिया

काठमाडौं। सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाएको तीन प्रतिशत समता कर फिर्ताको घोषणा स्वागतयोग्य भएको सम्बन्धित क्षेत्रका सरोकारवालाले बताएका छन्।

प्रधानमन्त्री बालेन्द्र शाहले मङ्गलबार सामाजिक सञ्जाल फेसबुक मार्फत सरकारले निजी शिक्षा र स्वास्थ्य क्षेत्रमा लगाइएको तीन प्रतिशत समता शुल्क लागू नगर्ने निर्णय गरिएको जानकारी गराउनुभएको थियो।

सरकारको तीन प्रतिशत समता कर फिर्ता गर्ने घोषणापछि शिक्षा तथा स्वास्थ्य क्षेत्रका सरोकारवाला क्षेत्रका पदाधिकारीले सरकारको घोषणाको खुलेर प्रशंसा गरेका छन्।

राष्ट्रिय अभिभावक महासङ्घका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले सरकारले शिक्षाको समतामूलक करमा 'करेक्सन' गरेर उचित निर्णय गरेको बताउनुभयो। "हाम्रा आवाजलाई सुनेर सच्याएर जानु जनतामैत्री छ", उहाँले भन्नुभयो, "प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल मार्फत शिक्षा र स्वास्थ्यमा तीन प्रतिशत कर नलिने घोषणा उचित छ।"

शिक्षाविद् प्रा डा विद्यानाथ कोइरालाले सरकारले शिक्षामा करभन्दा पनि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको गुणस्तर सुधार्नेतर्फ अघि बढ्नुपर्ने बताउनुभयो। "सरकारले कुनै पनि नीति तथा नियम बनाउँदा पर्याप्त पूर्वतयारी गरेर ल्याउँदा उचित हुन्थ्यो", उहाँले भन्नुभयो, "सरकारले सामुदायिक विद्यालयलाई निजीसँग सहकार्य गरेर सामुदायिक विद्यालयको गुणस्तर सुधार्नेतर्फ अग्रसर हुन जरुरी छ।"

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)का महासचिव आरबी कटवालले निजी शिक्षालयका छाता संस्थाको आग्रह र अभिभावकको आवाजलाई सुनेर समता शिक्षा शुल्क फिर्ता घोषणा भएकामा खुसी तुल्याएको बताउनुभयो।

उहाँले मङ्गलबार नै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र आफूबीचको छलफलमा आगामी ऐन, नियम र पाठ्यक्रम पुनरावलोकनका क्रममा पूर्वपरामर्श गर्न र सर्वोच्च अदालतका फैसलाबमोजिम काम गर्न आग्रह गरिएको जानकारी दिनुभयो।

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन (एनप्याब्सन)का अध्यक्ष सुवास न्यौपानेले सरकारको शिक्षा क्षेत्रको कर फिर्ता लिने निर्णय सकारात्मक रहेको बताउनुभयो।

"सरकारले तीन प्रतिशत कर फिर्ता लिने निर्णय निकै सराहनीय रहेको छ", उहाँले भन्नुभयो, "यो निर्णयलाई हामीले सकारात्मक ढङ्गले लिएका छौं।" शिक्षा क्षेत्रका सरोकारवाला निकायमात्रै नभएर स्वास्थ्य क्षेत्रका सरोकार निकायले पनि स्वास्थ्य क्षेत्रमा हटाएको तीन प्रतिशत करको स्वागत गरेका छन्।

मेडिकल व्यवसायी डा सुनिल शर्माले पनि सरकारले स्वास्थ्य क्षेत्रमा लगाएको तीन प्रतिशत कर हटाएको आधिकारिक हो भने निकै स्वागतयोग्य निर्णय रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सरकारले तीन प्रतिशत स्वास्थ्य कर हटाएको भन्ने सामाजिक सञ्जालबाट जानकारी प्राप्त गरेका छौं। यदि सरकारले आधिकारिक रूपमा नै कर हटाएको हो भने पक्कै पनि स्वागतयोग्य निर्णय हो।"

उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रीय अध्यक्ष तथा वरिष्ठ अधिवक्ता ज्योति बानियाँले सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको तीन प्रतिशत कर फिर्ता गर्ने निर्णय स्वागतयोग्य भन्दै विद्युत्मा लगाएको पाँच प्रतिशत कर पनि फिर्ता गर्नुपर्ने बताउनुभयो।

"सरकारले शिक्षा र स्वास्थ्यमा लगाएको तीन प्रतिशत कर फिर्ता गर्ने निर्णय गरेर जनमैत्री निर्णय गरेको छ। सरकारले जनताको आवाज सुन्नु पक्कै पनि राम्रो विषय हो", उहाँले भन्नुभयो, "सरकारले ५० युनिटभन्दा धेरै विद्युत् खपत गर्नेलाई लगाएको पाँच प्रतिशत कर पनि तत्काल हटाउनुपर्ने देखिन्छ।"

उता मेडिकल व्यवसायी डा सुनिल शर्माले पनि सरकारले स्वास्थ्य क्षेत्रमा लगाएको तीन प्रतिशत कर हटाएको आधिकारिक हो भने निकै स्वागतयोग्य निर्णय रहेको बताउनुभएको छ। उहाँले भन्नुभयो "सरकारले तीन प्रतिशत स्वास्थ्य कर हटाएको भन्ने सामाजिक सञ्जालबाट जानकारी प्राप्त गरेका छौं। यदि सरकारले आधिकारिक रूपमा नै कर हटाएको हो भने पक्कै पनि स्वागतयोग्य निर्णय हो।"

## राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा साँझसम्मै

चितवन। जिल्ला प्रशासन कार्यालय चितवनले बिहानदेखि साँझसम्म राष्ट्रिय परिचयपत्र सम्बन्धी सेवा उपलब्ध गराउने भएको छ। सो सेवा बिहान ८:०० बजेदेखि साँझ ७:०० बजेसम्म सञ्चालन हुने कार्यालयले जनाएको छ। बुधबार एक सूचना जारी गर्दै बिहीबारदेखि सो सुविधा दिन लागिएको जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी चूडामणि शर्मा गौतमद्वारा जारी सूचनामा सेवा ग्राहीको चापलाई मध्यनजर गर्दै समय बढाइएको जनाइएको छ। दैनिक ७५० जना हाराहारीलाई सेवाग्राहीलाई सेवा दिने गरी प्रबन्ध मिलाइएको सूचनामा उल्लेख छ। यससँगै केही दिनका लागि राष्ट्रिय परिचयपत्र वितरणको काम रोकिएको थियो। विगतमा परिचयपत्र नम्बर प्राप्त गरिसकेका सेवाग्राहीको काम उक्त नम्बरका आधारमा हुने भएकाले केही दिनका लागि परिचयपत्र वितरणको काम रोकिएको सूचनामा उल्लेख छ।

विभागको 'सिस्टम अपग्रेड'का कारण सनाखतमा ढिलाइ भएको हुँदा क्रमशः सनाखत हुँदै जाने भएकाले उक्त प्रयोजनाका लागि कार्यालय आइराख्नु नपर्ने सूचनामा उल्लेख छ।

## आगलागीबाट सात लाख ४० हजार बराबरको क्षति

काठमाडौं। महोत्तरी, काभ्रे र सप्तरीमा भएका छुट्टाछुट्टै आगलागीका घटनामा रु सात लाख ४० हजार बराबरको धनमाल नष्ट भएको छ।

महोत्तरीको सोनमा गाउँपालिका-३ दक्षिणबारी टोलस्थित दिनेश यादवको गोठमा बुधबार बिहान आगलागी हुँदा गोठ पूर्णरूपमा जलेर करिब रु तीन लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ। काभ्रेको बनेपा नगरपालिका-१ दुलाल गाउँस्थित लक्ष्मण दुलालको गोठमा विद्युत् सर्ट भई मङ्गलबार राति आगलागी हुँदा गोठ पूर्णरूपमा जल्दा करिब रु दुई लाख ४० हजार बराबरको नाक्सान भएको छ।

प्रहरी प्रधानकार्यालयका अनुसार सप्तरीको कञ्चनरूप नगरपालिका-६ क्वाटर मलेठस्थित नवराज बस्नेतको गोठमा मङ्गलबार राति आगलागी हुँदा गोठ पूर्णरूपमा जलेर करिब रु दुई लाख बराबरको धनमाल नष्ट भएको छ।

## विशेष अदालतको स्मार्ट कोर्ट बनाउने कार्यदिशा

काठमाडौं। विशेष अदालत काठमाडौंले आर्थिक वर्ष २०८२/८३ मा ५९.३८ प्रतिशत अर्थात् १५५ मुद्दा फछ्र्योट गरेको छ। त्यस अदालतमा २६१ मुद्दा रहेकामा अब १०६ वटा मुद्दा फछ्र्योट गर्न बाँकी छ।




त्यस आर्थिक वर्षमा अदालतको ८३.७८ प्रतिशत मुद्दा फछ्र्योट गर्ने लक्ष्य राखेकामा गत भदौ २४ गतेको आन्दोलनबाट सिर्जित अवस्था र न्यायाधीशको सरुवाका कारण लक्ष्य प्राप्तिमा कठिनाइ भएको जनाएको छ।

अदालतका अध्यक्ष सुदर्शनदेव भट्टले भन्नुभयो, "आन्दोलनमा भवन, सूचना प्रविधि शाखा, कम्प्युटरलगायतका सामग्री क्षतिग्रस्त भएकाले व्यवस्थापन गर्न केही समय खर्चनुपरेकाले लक्ष्यअनुरुप मुद्दा फछ्र्योटमा कठिनाइ भयो।" विशेष अदालतले यस वर्ष गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी पाँच थान, निर्णयगत अनियमितता १०४ थान, नक्कली प्रमाणपत्र १२ थान, घुस (रिसवत) ३२ थान, सम्पत्ति शुद्धीकरणसम्बन्धी एक थान मुद्दा फछ्र्योट गरेको छ।

गैरकानुनी सम्पत्ति आर्जन, घुस/रिसवत, निर्णयगत अनियमितता, नक्कली प्रमाणपत्र र सम्पत्ति शुद्धीकरण लगायतका मुद्दाको कारबाही र किनारा लगाउने कार्य गर्दै आएको छ। मुलुकका ७७ वटै जिल्लाका विवाद हेर्नेसमेत क्षेत्राधिकार रहेको विशेष अदालतमा छ जना न्यायाधीश रहने कानुनी व्यवस्था छ। विशेष अदालतबाट २०८०/८१ मा ८८ प्रतिशत तथा आर्थिक वर्ष २०८१/८२ मा ६१.३२ प्रतिशत मुद्दा फछ्र्योट भएको थियो। ती आर्थिक वर्षमध्ये २०८०/८१ मा सबैभन्दा बढी ५७५ मुद्दा फछ्र्योट भएको तथ्याङ्क छ।

विशेष अदालतले दुई वर्ष नाघेका मुद्दालाई शून्यमा झार्न सफल भएको छ। डेढ वर्षदेखि दुई वर्ष अवधिका दुई थान मुद्दा रहेको अध्यक्ष भट्टले जानकारी दिनुभयो। त्यस्तै, एक वर्षदेखि डेढ वर्षभित्र २५ थान, छ महिनादेखि एक वर्ष अवधिका ४१ थान, छ महिनाभित्रका ८७ थान मुद्दा रहेको छ।

सो अदालतबाट भएको निर्णयअनुसार बेरुजु कैद एक हजार १८७ वर्ष आठ महिना २० दिन बाँकी रहेको छ। अदालतबाट मुद्दाको निर्णयअनुसार रु एक करोड, ५६ लाख ७७ हजार ६५ बिगो असुल भएको, उठ्न बाँकी तथा असुल भएको नछुटिएको रु २० अर्ब नौ करोड ६४ लाख ५० हजार छ। त्यस्तै, उठाउन बाँकी बिगो रु चार अर्ब ९३ करोड ४८ लाख २७ हजार छ।

मुद्दा अन्तिम नभई सर्वोच्च अदालतमा विचाराधीन रहेका मुद्दामा करिब रु १५ करोड र यस आर्थिक वर्षसम्ममा सजाय कार्यान्वयनबाट राजस्व सङ्कलनमा रु तीन करोड आठ लाख ९५ हजार प्रगति भएको जनाइएको छ। अदालतले भौतिक संरचनाको पुनर्निर्माण, मर्मतसम्भार, रङरोगन तथा सुरक्षा व्यवस्थालाई प्राथमिकतामा राखेको जनाएको छ। उक्त अदालतका न्यायाधीश हेमन्त रावलले जनताको आशाको समर्थनका आधारमा निर्भिकता र निष्पक्षताका साथ न्याय सम्पादनमा न्यायामूर्तिको साझा बुझाइ र अठोट आवश्यक रहेको बताउनुभयो।

सो क्रममा अदालतले स्मार्ट कोर्ट, सेवाग्राहीलाई न्यायमा पहुँचका कुनै पनि सुविधामा कमी नगर्ने प्रतिबद्धता, मुद्दामा कानुनको म्याद नाघ्न नदिने, सरोकारवालासँग निरन्तर अन्तर्क्रिया र कर्मचारी प्रशिक्षण, मुलुकभित्र मात्र नभई विश्वका कुनै पनि कुनाबाट मुद्दाको पक्ष र साक्षीले प्रतिनिधित्व गर्न पाउने सुविधा उपलब्ध गराउन पहल गर्ने आगामी कार्यदिशा तय गरेको छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com